# गरुडा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## आ.व.२०८३/०८४ को लागि आन्तरिक आय ठेक्का सम्बन्धि शिलवन्दी दरभाउ पत्र आहवानको सुचना

**चौथो पटक सुचना प्रकाशित मिति २०८३।०६।१५**

यस नगरपालिकाको निर्णय अनुसार यस कार्यालयबाट स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम निम्न अनुसारको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले तपसिलको दर रेट, शर्तहरुलाई पालना गर्ने गरी इजाजत प्राप्त फर्म, संस्था, व्यक्तीले मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता भएको इजाजत प्रमाण पत्रको नवीकरण गरिएको तथा आ.व.२०८२/०८३ को आयकर चुक्ता गरेको प्रमाणको प्रतिलिपि राखि इच्छुक फर्म वा कम्पनीहरुले दरभाउ खरिद गरी रित पूर्वक भरि शिलवन्दी दरभाउ पत्र पेश गर्न हुनका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | कर उठाउनु पर्ने क्षेत्र | न्युन्तम वार्षिक कबोल अंक (मु.अ.कर बाहेक) | शिलबन्द दर भाउ पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| २/२०८३/०८४ | शिवनगर महम्मदपुर तरकारी बजार | शिवनगर बजार क्षेत्र भित्र | रु. २,८५,,000।- | रु. १,000।- | सात (७) दिने |

**शर्तहरू :**

१. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८४ साल असाढ मसान्त सम्म हुनेछ ।

२. शिवनगर महम्मदपुर तरकारी बजारको टेन्डर फारम मिति २०८३/०६/१५ देखि २०८३/०६/२१ गतेसम्मे ५ बजेसम्म खरिद गर्नुपर्ने छ ।

३. शिवनगर महम्मदपुर तरकारी बजारका टेन्डर फारम सिलवन्दी गरी मिति २०८३/०६/२२ गते दिनको १२ बजे सम्म यस न.पा कार्यालयमा दर्ता गराइसक्नुपर्ने छ, यस्को रित पूर्वक दर्ता हुन आएको गोप्य शिलवन्दी टेन्डर फारमहरु मिति २०८३/०६/२२ गते दिनको २:०० बजे खोलिने छ ।

४. टेन्डर फारम खरिद गर्ने अन्तिम दिन, टेन्डर फारम दर्ता गराउने र खोल्ने दिन विदा परे सो को भोलि पल्ट गरिनेछ ।

५. धरौटी वापतको रकम स्वदेशी नागरीक भएमा बोल कबोल अंकको ५ प्रतिशत र विदेशी नागरीक भए वोल कबोल अंकको १० प्रतिशत रकम एन आई सि एशिया बैंक लि.गरुडा स्थित यस न.पा को धरौटी खाता नं. 01CA०५२५९१८५२४०३ मा जम्मा गरी सक्कलै भाउचर वा बैंक ग्यारेन्टी वा नगद गौप्य शिलवन्दी फारम सँग पेश गर्नुपर्ने छ ।

६. कबोल रकम चौमासिक रुपमा बुझाउने पर्नेछ, सम्झौताको वेला प्रथम चौमासिक वापतको रकम नगरपालिकाको खातामा जम्मा गरि निवेदन दिनु पर्नेछ र बाँकी दुई किस्ता वापत रकमको बैंक जमानत पेश गर्नुपर्नेछ ।

७. ठेक्का कबोल रकम स्वीकृत दरभाउ पत्र दाताले एकमुष्ट नगद बुझाएमा सो वापत १० प्रतिशत सहुलियत स्वरुप छुट दिइनेछ ।

८. शिलवन्दी फारममा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझने गरी लेख्नुपर्नेछ ।

९. टेन्डर स्वीकृत भएको १५ दिन भित्र रकम बुझाउन नआएमा धरौटी जफत गरी क्रमश अर्को टेन्डर स्वीकृत गरिनेछ ।

१०. प्रचलित कानुन अनुसार ठेक्का वापत लाग्ने सम्पूर्ण कर दस्तुर ठेकेदार स्वयमले यस कार्यालयमा नगदी दाखिला गर्नुपनेछ ।

११. बन्द हडताल लगायत जस्ता कुनै पनि कारणबाट ठेकेदारलाई क्षतिपुगन गएमा ठेकेदार स्वयमले जिम्मेवार हुनुपर्ने र त्यस वापत यस कार्यालयबाट कुनै क्षतिपूर्ती तथा मिनहा दिनेछैन ।

१२. ठेक्का स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस न.पा. लाई रहनेछ ।

१३. शर्तहरु पालना गर्न नसक्ने ठेकेदारको ठेक्का न.पा.ले तोडन सक्नेछ ।

१४. न. पा.ले निर्धारण गरेको दर रेटमा नबढाई शुल्क उठाउनु पर्नेछ ।

१५. यसमा नखुलेका शर्त तथा अन्य कुरा प्रचलित ऐन कानुन र यस न. पा. को निर्णय अनुसार हुनेछ ।

नाथु साह

(प्रमुख प्रशासकिय अधिकृत)

नाथु साह

प्रमुख प्रशासकीय अधिकृत